नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०८३ वैशाख १६ गते (तद्अनुसार २९ अप्रिल २०२६) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल 'गनेस'ज्यूसँग संयुक्त राष्ट्र सङ्घको नेपालका लागि आवासीय प्रतिनिधि Ms. Lila Pieters Yahia, युनेस्को नेपालका लागि प्रतिनिधि Mr. Jacodu Toit र युएनडिपि नेपालका लागि प्रतिनिधि Ms. Kyoko Yakosuka ले संयुक्त रूपमा यस मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ।

उक्त भेटवार्तामा संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिहरूले नेपालको नयाँ सरकार र माननीय मन्त्रीलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्नुभयो। मन्त्री पौडेलले संयुक्त राष्ट्र सङ्घको सहयोगमा हालसम्म भएका विभिन्न क्षेत्रसँग सम्वन्धित अर्थपूर्ण र नतिजामुखी कार्यक्रमहरूका लागि आभार व्यक्त गर्दै निरन्तर सहकार्यका लागि आग्रह समेत गर्नुभयो।

नेपालमा जलवायू परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दै हिमालको संरक्षण र प्रवर्धन गर्न संयुक्त राष्ट्र सङ्घको सहयोगको आवश्यकता रहेको उल्लेख गर्दै नेपालको रैथाने ज्ञान प्रणालीका विभिन्न आयामहरूलाई अभौतिक सम्पदाको रूपमा सूचीकृत गरी त्यसको महत्त्व विश्वसामु चिनाउनु पर्ने आशय व्यक्त गर्नुभयो। यस भेटघाटले संयुक्त राष्ट्र सङ्घको नेपालसँगको सम्बन्ध अझ प्रगाढ हुने र सङ्घसँग रहेको प्राविधिक विज्ञताले पर्यटन क्षेत्रसहित नेपालको आर्थिक र सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौं।

मितिः २०८३/०१/१६ गते
नेपाल सम्वत् ११४६ बछलाथ्व

जयनारायण आचार्य
सहसचिव/प्रवक्ता